२०६६ साल असार २९ गते रोज २ का दिन १६.०० बजे प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा बसेको मन्त्रिपरिषद्को बैठकको निर्णय –

१. बजेट वक्तव्य तथा अर्थ सम्बन्धी विधेयकहरू व्यवस्थापिका-संसदको चालू बैठकमा पेश गर्ने विषयको अर्थ मन्त्रालयको नं. २।३०-०६६।३।२९ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

२. मूल्य अभिवृद्धि कर (एघारौं संशोधन) नियमावली, २०६६, अन्तःशुल्क (दशौं संशोधन) नियमावली, २०६६ र भन्सार (दोस्रो संशोधन) नियमावली, २०६६ स्वीकृत गर्ने विषयको अर्थ मन्त्रालयको नं. २।३१-०६६।३।२९ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

३. व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रको कार्यकारी निर्देशक नियुक्ति (श्री रमेशकुमार श्रेष्ठलाई) गर्ने विषयको वाणिज्य तथा आपूर्ति मन्त्रालयको नं. १३क।१-०६६।१।१४ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

४. एफ.एम. तथा टेलिभिजन प्रसारण संस्थाहरुको नवीकरण दस्तुर र रोयल्टी मिनाहा गर्ने विषयको सूचना तथा सञ्चार मन्त्रालयको नं. १९।१४-०६६।३।२९ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

५. माथिल्लो तामाकोशी जलविद्युत आयोजनाको प्रवेशमार्गको निर्माण कार्य नेपाली सेनाबाट गराउने विषयको ऊर्जा मन्त्रालयको २क।४-०६६।३।२६ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

६. प्रमाणीकरण नभएका नावालक तथा दर्ता नभएका माओवादीका सेनाका लडाकूहरूलाई अस्थायी शिविरबाट अविलम्व अलग गर्न आवश्यक भएकाले शान्ति तथा पुनर्निर्माण मन्त्रालयले सम्बन्धित पक्ष र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायहरूको सहयोगमा निजहरूलाई सामान्य नागरिक जीवनमा फर्काउन र समाजमा पुनःस्थापन गर्ने कार्य अविलम्व थालनी गर्ने ।